स्थानीय सरकार
LOCAL GOVERNMENT
सम्मरीमाई गाउँपालिका
SAMMARIMAI RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
FARENA, RUPANDEHI
लुम्बिनी, प्रदेश नेपाल
Lumbini, Province Nepal

प.स. /Ref No.२०८२/०८३
च.नं. /DispatchNo. ६०२

मितिः २०८२/०७/११

श्री सरोकारवाला सबै,

विषयः स्वतःप्रकाशन गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपालको संविधानको धारा २७ तथा सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम यस कार्यालयवाट मिति २०८२/०४/०१ देखि २०८२/०६/३१ सम्म गरिएका काम कारवाहीहरूको विवरण सम्बन्धित सबैको जानकारीका लागी प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

बोधार्थः

श्री जिल्ला प्रशासन कार्यालय, रुपन्देही ।

राजेश मल्लाह
प्रमुख प्रशासकीय अधिकृत

Email:-sammarimairm@gmail.com
info@sammarimaimun.gov.np
Website:-sammarimaimun.gov.np
Office Phone No:-9779857016956

"कृषि, शिक्षा, स्वास्थ्य, व्यवसाय, रोजगार र पुर्वाधार समृद्ध सम्मरीमाई विकासको आधार"

# स्वतः प्रकाशन
# (Pro-active Disclosure)
# सम्मरीमाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## फरेना, रुपन्देही ।

## स्वतः प्रकाशन (Pro-active Disclosure) गर्नुपर्ने विवरणहरु

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा ३ र सूचनाको हक सम्वन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण । (मिति २०८२।०४।०१ देखि मिति २०८२।०६।३१ सम्मको विवरण)

१. सम्मरीमाई गाउँपालिकाको स्वरुप र प्रकृति

साविक करौता, वरवासी, थु. पिप्रहवा, फरेना, रोइनीहवा, असुरैना, वेतकुईया गाविसलाई गाँभर बनेको सम्मरीमाई गाउँपालिका लुम्बिनी प्रदेश रुपन्देही जिल्लाका १० गाउँपालिका मध्ये एक हो। पूर्व पश्चिम हुलाकी सडक अन्तर्गत भैरहवा लुम्विनी खण्डको वनगाईदेखि करीव २० किलोमिटर दक्षिणमा अवस्थित यो गाउँपालिका समून्द्र सतहदेखि करिव ९२.१ मिटरको उचाइमा छ । ५०.७८ वर्ग किलोमिटर (श्रोत:संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय) क्षेत्रफल भएको यो गाउंपालिका रुपन्देही जिल्लाको प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं ४ मा पर्दछ । पूर्वमा मर्चवारी गाउंपालिका, पश्चिममा लुम्बिनी सांस्कृतिक नगरपालिका, उत्तरमा कोटहीमाई गाउंपालिका र दक्षिणमा भारतको उत्तरप्रदेश सिमाना भित्र उत्तर पश्चिम हुदै बग्ने दानव नदीसंगै प्राकृतिक, भौगोलिक, सास्कृतिक, मनोरमताले यो गाउँपालिका सिंगारिएको छ । खुल्ला दिसा मुक्त र पूर्ण खोपयुक्त यस गाउँपालिकाको चारैतिर कृषि खेतीयोग्य जमीन रहेको छ । राष्ट्रिय जनगणना, २०७८ को अन्तिम नतिजा अनुसार यस गाउँपालिकामा ७२४२ परिवार संख्या रहेका छन्। साथै यस गाउँपालिकाको जम्मा जनसंख्या ४३०४४ रहेकोमा पुरुष २१५११ र महिला २१५३३ रहेको छन् । सम्मरीमाई गाउंपालिका रुपन्देही जिल्लाको कम विकसित गाउँपालिकाहरु मध्ये एक हो। यसको भुवनोट समथर एकै खालको छ। समतल भू-भाग र उर्वर मलिलो माटो कारण प्रशस्त कृषि उत्पादन हुने संभावना भएता पनि भाद्र महिना को पानीको श्रोत नभइ आकाशे पानीको भर पर्नुपर्ने अवस्था र आज भोलि घर, घडेरी, मोटर बाटो निर्माण, कृषिमा मानिसको

राजेश मल्लाह
प्रमुख प्रशासकीय अधिकृत

कम प्राथमिकता आदि कारणले उत्पादन दिन प्रतिदिन घटदै जानुका साथसाथै वातावरणमा प्रतिकूल असर समेत परेको छ। यहां मौसम अनुसारको खेती बाहै महिना गर्न सकिन्छ। मुख्य वाली धान, गहुं, मकै, मास, मसुरो, रहर, आलस, तोरी, सुर्यमुखी, मम्फली, आलु आदि हुन । आजभोलि व्यवसायिक रुपमा बमौसमी तरकारी खेती, च्याउ खेती, पशुपालन, हांस, कुखुरापालन गरिदै आएको छ। उत्पादित खाद्यान तथा तरकारी नजिकैका स्थानीय हाडबजारहरु पर्सहवा, करौता, थु पिप्रहवा र वेतकुईया, भैरहवा र बुटवलमा वेचविखन गरिन्छ । यस गाउंपालिकामा प्रदेशीय हावापानी पाइएता पनि बाहै महिना एकैनासको हावापानी छैन । चैत्र महिनादेखि भाद्रसम्म गर्मी हुन्छ। आश्विन कार्तिक मंसिर र फागुन र चैत्रमा यहांको हावापानी समशितोष्ण हुन्छ भने पौष र माघ महिनामा निकै जाडो हुन्छ । जेष्ठ को अन्त्यदेखि भाद्रसम्म मनसुनी बायुका कारण वर्षा हुने गर्छ । प्रमुख नदी नाला, धार्मिक, दर्शनीय स्थल

क. मुख्य नदी दानव नदी तथा ताल तथा पोखरीहरु तरैनी ताल धूम्हवा पोखरी, गुलरिया पोखरी रोईनहिवा पोखरी आदि रहेका छन् ।

ख. धार्मिक पर्यटकीय स्थलः सम्मरीमाई देवी स्थान, समयमाई स्थान, शिव मन्दिर, हनुमान मन्दिर आदि ।

साविक गा.वि.स.का वडा तथा हालका गाउँपालिकाका वडाहरु

| क.सं. | समावेश भएका साविकका गा.वि.स गाउँपालिका | साविक का वडा नं. | गाउँपालिकाका वडाहरु |
|---|---|---|---|
| | करौता | १,२,३ र ९ | १ नं. |
| | करौता | ४,५,६,७ र ८ | २ नं. |
| | थुम्हवा पिपरहवा | १ - ९ | ३ नं. |
| | फरेना | १ - ९ | ४ नं. |
| | रोईनिहवा | १ - ९ | ५ नं. |
| | असुरैना | १ - ९ | ६ नं. |
| | बेतकुईयाँ | १ - ९ | ७ नं. |

२. निकायको काम, कर्तव्य र अधिकार

यस गाउपालिकामा नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसुची ९ मा संघ प्रदेश र स्थानीय तहको अधिकारको साझा सुची स्थानीय सरकार संचालन ऐन २०७४ संघ र लुम्बिनी प्रदेश सरकार कानून बमोजिम स्थानीय तह सम्बन्धि जारी गरीएका ऐन नियम तथा अन्य कानूनी

राजेश मल्लाह
प्रमुख प्रशासकीय अधिकृत

**प्रवन्ध हरु समय समयमा जारी हुने परिपत्रहरु एवं गाउँपालिकाको स्थानीय कानूनहरु, ऐन, नियमावली, कार्यविधि, निर्देशिका, निर्णयहरु समेतले तोके बमोजिमको काम कर्तव्य र अधिकार निर्दिष्ट छ ।**

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

**यस सम्मरीमाई गाउँपालिकामा स्थायी, करार, समायोजन भइ आएका, कर्मचारीहरुको संख्यात्मक विवरण यस गाउँपालिकाको वेब साइट www.sammarimaimun.gov.np मा राखिएको छ ।**

## ४.निकायबाट प्रदान गरिने सेवा:

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४,संघ र लुम्बिनी प्रदेश कानून बमोजिम स्थानीय तह सम्बंधि जारी गरिएका ऐन, नियम तथा अन्य कानूनी प्रबन्धहरु,समय समयमा जारी हुने परिपत्रहरु एंव गाउपालिकाको स्थानीय कानूनहरु, ऐन,नियमावली,कार्यविधि,निर्देशिका,निर्णयहरु समेतको अधिनमा रहि स्थानीय सरकारको रुपमा सेवा,सुविधाहरु प्रदान गरिएको छ ।

## ५.सेवा प्रदान गर्ने निकायको शाखा तथा जिम्मेवार अधिकारी

यस गाउपालिकामा सेवा सुविधा प्रवाह गर्न विभिन्न विषयगत समितिहरु, विषयगत शाखाहरु, उपशाखाहरु नागरिक सहायता कक्ष, ७ वटा वडा कार्यालय, विभिन्न स्वास्थ्य संस्थाहरु रहेका छन् । गाउपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सूचना अधिकारीको विवरण गाउपालिकाको वेबसाइट www.sammarimaimun.gov.np मा राखिएको छ ।

**गाउपालिकामा रहेका विद्यमान शाखा तथा जिम्मेवार अधिकारीको विवरण यस प्रकार रहेको छ ।**

| क.सं. | शाखाको नाम | जिम्मेवार अधिकारी | सम्पर्क नं. |
|---|---|---|---|
| १ | प्रशासन/ उद्योग व्यवसाय प्रवर्द्धन शाखा | धिरेन्द्र चौधरी थारु | ९८५८३२००४० |
| २ | आर्थिक प्रशासन शाखा | प्रकाश पौडेल | ९८४५९२६८७४ |
| ३ | न्यायिक शाखा,शिक्षा यूवा तथा खेलकूद शाखा | रामदास गौड (कहार) | ९८१७४२३४७५ |
| ४ | सूचना प्रविधि शाखा | सुमन्त गौड (कहार) | ९७४४३०५८९४ |
| ५ | राजश्व शाखा,सामाजिक सूरक्षा तथा पंजिकरण शाखा,महिला बालबालिका तथा जेष्ठनागरिक शाखा | रामकेश मौर्य | ९७४८७७९६३९ |
| ६ | प्राविधिक शाखा | रामदेव गुप्ता | ९८५७०८४५०६ |
| ७ | स्वास्थ्य,सामाजिक विकाश शाखा | मुन्सी प्रसाद माझी | ९८५७०१६७३० |
| ८ | कृषि विकाश शाखा | सूरज पाण्डेय | ९८१७५९९५९९ |
| ९ | पशु सेवा शाखा | राज सिंह महता | ९७४५५२८८३८ |
| १० | रोजगार सेवा केन्द्र | अनिल कुमार कुर्मी | ९८२१५५१७३९ |
| ११ | सहकारी शाखा | महेन्द्र प्रसाद हरिजन | ९८६४६६९८७५ |
| १२ | आयूर्वेद | अवनिश यादव | ९८०७४३६४१३ |

राजेश मल्लाह
प्रमुख प्रशासकीय अधिकृत

| १३ | योजना इकाई/ जिन्सी शाखा | रामजतन कोहार | ९८१६४६२७२८ |
|---|---|---|---|

सम्मरीमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय फरेना, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल २०७३

६. यस गाउपालिका बाट सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

यस गाउपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधि विवरण यस सम्मरीमाई गाउपालिकाको हरेक आर्थिक वर्षका लागि गाउपालिकाबाट जारी हुने ऐन, नीति, कार्यकम तथा बजेट, स्थानीय सरकार संचालन ऐन, २०७४, स्थानीय कानून, नागरिक वडापत्र समेतबाट निर्धारण गरिन्छ ।

७. निर्णय गर्ने प्रकिया र अधिकारी

बजेट सिलिंग र मार्गदर्शन प्राप्ती, राजश्व परामर्श समिति बैठक, स्रोत अनुमान तथा बजेट कार्यक्रम तर्जुमा समितिको बैठक, टोल वस्तिवाट योजना संकलन, वडाबाट योजना प्राथमिकीकरण, गाउँपालिकाको विषयगत समितिको बैठक, गाउपालिकाको बैठक बाट निर्णय गरी गाउँसभावाट स्वीकृत गर्ने गरिन्छ ।

गाउपालिकाले गर्ने अन्य निर्णय प्रक्रियामा गाउँपालिका अध्यक्षको निर्देशनमा सचिवले बैठकको लागी गाउँसभाका सदस्यहरु लाई ७ दिन अगाडी एजेण्डा सहित पत्राचार गर्ने, अध्यक्षबाट बैठकमा एजेण्डा प्रस्तुत गर्ने, व्यापक छलफल पश्चात सकेसम्म सर्वसम्मत नभए बहुमतका आधारमा अन्तिम निर्णय लिने गरिएको छ

## ८.निर्णय उपर उजुरी सुन्ने अधिकारी

यस गाउँपालिकाका काम कारवाहीका सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा ऊजुरी सुनी गुनासो व्यवस्थापन अधिकारीको रुपमा यस कार्यालयका कार्यालय प्रमुख रहने व्यवस्था रहेको छ । न्यायीक समितिले स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकारक्षेत्र भित्रका उजुरी उपर समेत कारवाही गर्दै आएको छ ।

## ९.सम्पादन गरेको कामको विवण

यस गाउँपालिकाले नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन,२०७४,संघ, प्रदेश र स्थानीय कानुनले तोके बमोजिम स्थानीय सरकार को रुपमा गाउँपालिकाले गर्न सक्ने सम्पूर्ण कामकारवाही गर्दै आइरहेको छ ।

मिति २०८२।०४।०१ देखि २०८२।०६।३१ गते सम्म यस कार्यालयमा प्राप्त भएको आम्दानी देहाय बमोजिम रहेको छ ।

| क सं | बजेट स्रोत | कुल रकम (हजारमा) | | कैफियत |
|---|---|---|---|---|
| | | आय | व्यय | |
| १ | संघीय सरकार | ९७८३४ | २८६१५ | |

राजेश मल्लाह
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| २ | प्रदेश सरकार | २७९७।७५ | ४४८।७३ | |
| ३ | राजस्व बाँडफाँड | १४६९७।१ | १३४८३ | |
| ४ | आन्तरिक राजस्व | १६००२।५६ | ३०५ | |
| जम्मा | | १३१३३१।४१ | ४२८५१।७३ | |

**१०.कार्यालय प्रमुख र सूचना अधिकारी नाम र पदः**

**कार्यालय प्रमुखको नाम** : राजेश मल्लाह

**पद** : प्रमुख प्रशासकीय अधिकृत

संपर्क नम्बर : ९८५७०१६९५६

**इमेल** : rajeshmallah523@gmail.com

**सूचना अधिकारीको नाम** : धिरेन्द्र चौधरी थारु

**पद** : सहायक प्रशासकीय अधिकृत, छैठौ

**संपर्क नम्बर** : ९८५७०१७९५६

**इमेल** : dhirendrac830@gmail.com

**१४.अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकाय कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण**

यस गाउपालिकाले हरेक आर्थिक वर्षका लागि गाउँसभाबाट स्वीकृत बजेट नीति तथा कार्यक्रम बमोजिम समय समयमा विभिन्न प्रकारका गाउपालिकाको क्षेत्राधिकार संग सम्वन्धित कार्यक्रम हरु संचालन गर्दै आएको छ ।

**१५.सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण**

सम्मरीमाई गाउपालिकाको वेव साइट www.sammarimaimun.gov.np रहेको छ जसमा सम्मरीमाई गाउपालिकाले समय समयमा जारी गर्ने सूचना लगायतका विवरण पाउन सकिन्छ ।

**१६.सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, रिण,अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण**

यस सम्मरीमाई गाउपालिकाले सोझै बैदेशिक सहायता,रिण अनुदान एवं प्राविधिक सहयोग प्राप्त गरेको छैन ।

**१७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगती प्रतिवेदन**

यस सम्मरीमाई गाउँपालिकाले संचालन गरेका कार्यक्रम हरु आ.व २०८२/०८३ को बजेट, नीति तथा कार्यक्रम अन्तर्गत रहेका छन् ।

राजेश मल्लाह
प्रमुख प्रशासकीय अधिकृत

**१८.सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी**

यस गाउपालिकाले सम्पूर्ण सूचना , विवरण,तथ्यांक एवं आवश्यक दस्तावेजहरुको वर्गीकरण नगरेको र त्यस्ता सूचनाहरु गाउँपालिकाले प्रचलित ऐन, कानून तथा नियमानूसार सूरक्षित राख्ने गरएिको छ ।

**१९.सार्वजनिक निकायमा सूचना अन्यत्र प्रकाशन भएमा वा हुने भएमा साको विवरण**

महत्वपूर्ण सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण यस गाउपालिकाको वेव साइट www.sammarimaimun.gov.np मा समेत राख्ने गरिएको छ । अन्य सबै सूचना यस गाउपालिकाको वेब साइट www.sammarimaimun.gov.np तथा गाउँपालिकाको फेसबुक पेज Sammarimai Rural Muncipality मा समेत राख्ने गरिएको छ ।

राजेश मल्लाह
प्रमुख प्रशासकीय अधिकृत